नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९, ४५११५३७, ४५१९५०१
फ्याक्स (९७७-१)-४५३९१०३
पोष्ट बक्स नं. २५००७
मानभवन काठमाडौँ, नेपाल

पत्र संख्या :- ०८१/०८२
च. नं. :- २५१२

मितिः २०८२/०३/२३

श्री बराह हाइड्रोपावर प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः नभएको

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित हुग्दी खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त पेश भएको दरखास्त माथि कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०३/२० गतेको निर्णयानुसार जानकारी गराइन्छ।

१. दक्षिण तर्फ आयोजनालाई आवश्यक पर्ने भन्दा बढी क्षेत्र माग भएको हुनाले दक्षिणी सिमाना 28° 03′ 50″ मा रहने निम्न विवरणहरू
   क) विद्युत नियमावली २०५० को नियम ४ संग सम्बन्धित अनुसूची-२ को ढाँचामा दरखास्त,
   ख) परिमार्जित डेस्क स्टडी प्रतिवेदन (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको),
   ग) आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको परिमार्जित सक्कल स्थलरूप (टोपो) नक्शा,

२. प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,

३. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं.,

४. विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,

५. नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको आ.व.२०८०/८१ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,

६. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(सुजन निरौला)
इन्जिनियर